
के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २४ ❑ अङ्क २०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १८ गते बिहीबार ❑ 3 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५


## जनतामा उत्पन्न आशा र भरोसालाई सङ्गठनमा रुपान्तरण गर्नुपर्छ : अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो नेतृत्वको सरकारले थालेका कामबाट जनतामा नयाँ आशा पलाएको बताउनुभएको छ।

बुधबारदेखि यहाँ सुरु भएको माओवादी केन्द्रको केन्द्रीय समितिको चौथो पूर्ण बैठकको शुभारम्भ गर्दै उहाँले जनतामा उत्पन्न भएको आशा र भरोसालाई सङ्गठनमा रुपान्तरणमा गर्नुपर्ने बताउनुभयो।

"अहिले देशको राजनीतिक जुन विन्दुमा छ, जनताले हाम्रो पार्टी र आन्दोलनबाट जे-जस्ता आशा र अपेक्षा गरेका छन्, पछिल्लो चरणमा हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन भइसकेपछि सरकारले अगाडि सारेका कार्यक्रम, लिएका पहलकदमी र गरिएका गतिविधिबाट जनतामा नयाँ आशा पलाएको छ",उहाँले भन्नुभयो । केन्द्रीय समितिको बैठकले सरकारले गरेको कामलाई अझ व्यवस्थित गर्ने, प्रभावकारी बनाउने, राष्ट्र र जनताको आवश्यकतानुसार अगाडि बढ्न सहज वातावरण बनाउने उहाँको विश्वास छ ।




"राष्ट्रिय एकता र स्वाधीनतालाई सुदृढ गर्नुपर्ने आवश्यकता छ । राष्ट्रिय एकता र स्वाधिनतालाई सुदृढीकरण गर्न केन्द्रीय समितिले छलफल र निष्कर्ष निकाल्ने छ", उहाँले भन्नुभयो । अध्यक्ष दाहालले देशको राजनीतिमा देखापरेका विभिन्न विचार र प्रवृत्तिका बारेमा र पार्टीभित्रकै विगतका स्थितिका सिंहावलोकन र समीक्षा गर्दै आउने दिनमा नतिजामुखी काममा केन्द्रित हुन आवश्यक रहेको बताउनुभयो । "यस बैठकले जनतामा उत्पन्न भएको आशा र भरोसाका स्थितिलाई सङ्गठनमा रुपान्तरण गर्ने, जनतासँगको सम्बन्धलाई अझ सुदृढ गर्ने अभियानमा बदल्नुछ । केन्द्रीय समितिको काँधमा त्यही मुलभूत जिम्मेवारी रहेको छ", उहाँले भन्नुभयो ।

उहाँले देशको राजनीतिक समीकरण र राजनीतिक उतारढताव तथा पार्टीको आन्तरिक तयारीलाई पूर्णता दिन विलम्ब भएर बैठक बस्न ढिला भएको बताउनुभयो । नेता कार्यकर्ताको सङ्ख्या ठूलो भए पनि माओवादी पार्टीजस्तो नभएको उल्लेख गर्दै अध्यक्ष दाहालले केन्द्रीय समिति बैठकबाट कम्युनिष्ट पार्टी पुनःनिर्माणको अभियान थाल्नुपर्ने बताउनुभयो ।

उहाँले गम्भीर, जिम्मेवारीपूर्वक र अनुशासितरुपले बहस छलफल गरी यस बैठकलाई पार्टी पुनःनिर्माणको ऐतिहासिक थालनीको बैठक बनाउन केन्द्रीय सदस्यलाई निर्देशन दिनुभयो । सरकारले देश र जनताको पक्षमा सकारात्मक र रचनात्मक काम गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सामाजिक न्याय, सुशासन र समृद्धिको पक्षमा नयाँ सङ्कल्पका साथ अगाडि बढ्ने पहल गरिरहेको बताउनुभयो ।

पछिल्लो चरणमा अन्तर ाष्ट्रिय र क्षेत्रीय राजनीतिमा ध्रुवीकरणका नयाँ प्रक्रिया देखापरेको उल्लेख गर्दै उहाँले नेपालजस्तो भूराजनीतिक जटिलता भएको देशमा त्यसको प्रभाव परिरहेको बताउनुभयो । "आउने दिनमा अझ बढी प्रभाव पर्ने सङ्केत देखिएको छ। त्यस्तो स्थितिमा देशको स्वतन्त्रता, राष्ट्रियता, भौगोलिक अखण्डता र स्वाधिनतालाई सुदृढ गर्न बैठकले गहन छलफल गरेर समुचित निष्कर्ष निकाल्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो । अध्यक्ष दाहालले राजनीतिमा चुनौती र अवसर सँगसँगै आउने भन्दै उहाँले चुनौतीलाई अवसरमा बदल्ने विगतको उदाहरणबाट पाठ लिएर अगाडि बढ्नुपर्ने बताउनुभयो। कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सुरु भएको बैठकमा तीन सय ८५ पूर्ण केन्द्रीय सदस्य, एक सय ९८ वैकल्पिक केन्द्रीय सदस्य, तीन आयोगका सदस्य ७५ र १० प्रदेशका पदाधिकारी एक सय गरी सात सय ५८ जनाको सहभागिता छ । बैठक पाँच दिनसम्म चल्नेछ ।

## संघीयताका बारेमा सोच्नुपर्ने बेला आएको: नेता भण्डारी

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

नेपाली काँग्रेसका केन्द्रिय सदस्य एवं पूर्वमन्त्री शंकर भण्डारीले संघियताका बारेमा सोच्नुपर्ने बेला आएको बताउनुभएको छ।

पोखरामा बुधबार पत्रकार भेटघाट कार्यक्रममा बोल्दै नेता भण्डारीले संघियताले धेरै विकृति जन्माएको हुँदा यसको विकल्प खोज्नुपर्ने बताउनुभयो। जनतालाई अधिकार प्रदान गर्न स्थानिय तहको सरकारलाई नै बलियो बनाउनुपर्ने उहाँको सुझाव थियो । संविधानमा लेखिए अनुरुप निर्वाचन पद्धतीले काम गर्न नसक्दा संघियता प्रति जनताको वितृष्णा



बढ्दै गएको नेता भण्डारीले बताउनुभयो। निर्वाचन प्रणालीले एउटै पार्टीलाई बहुमत आउन कठिन भएकाले पनि विकृति बढ्दै गएको उहाँको भनाई थियो । उहाँले समानुपातिक प्रणालीमा एउटै व्यक्तिले तिन पटक अवसर लिएको बताउँदै पहिचान भनेको विविधता हो, यसलाई हरेक पार्टीले गलत

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा महानगरको फोहर दमकल शाखा परिसर पुरियो

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

स्थानीयवासीको अवरोधसँगै एक सातायता पोखराको फोहर व्यवस्थापन गर्न नसकिएपछि यहाँको दमकल शाखा परिसरमै पुरिएको छ।

पोखरा महानगरपालिका-३२ लामेआहालस्थित अस्थायी ल्यान्डफिलसाइटमा फोहर पुर्याउन नसकिएपछि दमकल शाखा परिसरमै पुरिएको हो ।

फोहर नउठेका कारण बजार क्षेत्र दुर्गन्धित बन्दै जान थालेपछि उक्त फोहर उठाएर महानगरपालिकाको दमकल शाखामा ल्याइएको थियो । बजारमा रहेको फोहरको तत्कालीन व्यवस्थापनका लागि दमकल शाखामा ल्याइएकामध्ये १५ ट्रक फोहर त्यहीं परिसरमा खाडो खनेर गाडिएको सरसफाइ शाखा प्रमुख कल्पना बरालले जानकारी दिनुभयो ।

फोहर व्यवस्थापन सम्बन्धमा स्थानीयवासीसँग छलफल भइरहेको र समस्या समाधान भएसँगै त्यो फोहर पुनः ल्यान्डफिलसाइटमा नै लगिने उहाँले बताउनुभयो । पोखराका मुख्य बजार क्षेत्र न्युरोड, नयाँबजार, पृथ्वीचोकलगायत स्थानका फोहर उठाएर गाडीमा राखी दमकल शाखा परिसरमा लगिएको जानकारी दिँदै उहाँले फोहर लैजाने व्यवस्था भइनसकेका अवस्थासम्म घरघरमा नै त्यसलाई राख्नका लागि महानगरले सार्वजनिक सूचना गरेको बताउनुभयो ।

पोखरा बजार क्षेत्रमा दैनिक करिब ८० ट्रक फोहर उठ्ने गरेको बराललले जानकारी दिनुभयो । महानगरपालिकाले विगत छ महिनायता वडा नं ३२ लामेआहालमा अस्थायी ल्यान्डफिलसाइट तयार गरी फोहर व्यवस्थापन गरिँदै आइएको छ । यसअघि वडा नं १४ स्थित बाच्छेबुडुवामा फोहर फलिँदै आइएकोमा नयाँ पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आउन थालेसँगै अस्थायी ल्यान्डफिलसाइट तयार गरिएको हो । अस्थायी ल्यान्डफिलसाइटका लागि लामेआहालका स्थानीयवासीसँग महानगरपालिकाले १६ बुँदे सहमति गरेकोमा त्यसलाई लागू नगरेको र छ महिनापछि अन्यत्र व्यवस्थापन गर्ने भनिए पनि त्यो नभएको भन्दै स्थानीयवासीले फोहर फाल्न रोक लगाउँदै आएका छन् ।

## होटल सङ्घ पोखराद्वारा विद्युत् प्राधिकरणको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

दिनैपिच्छे छोटो अवधिमा पटक पटक विद्युत अबरुद्ध हुने समस्याले आजित भएका गण्डकीवासिको समस्यालाई मध्यनजर गर्दै होटल संघ पोखरा नेपालका पदाधिकारीहरुले बुधबार नेपाल विद्युत प्राधिकरण प्रादेशिक कार्यालय गण्डकीको ध्यानाकर्षण गराएका छन् ।

होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीको नेतृत्वमा संघको टोली प्राधिकरण पुगी प्रादेशिक प्रमुख जगदीशचन्द्र जोशीलाई विद्युत उपभोक्ताले भोग्दै आउनु परेको समस्याका बारे अवगत गराउँदै ध्यानाकर्षण पत्र दिएका थिए । दिनमा होस् या रातमा जुनसुकै बखत विना जानकारी घरिघरि विद्युत अबरुद्ध हुँदा होटल क्षेत्र र सिंगो उपभोक्ताजगत सबैभन्दा बढी मारमा परेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले दुःखेसो पोखे ।

विद्युत अबरुद्ध हुँदा देशविदेशका पाहुनालाई आबश्यक सेवा उपलब्ध गराउन कठिनाई हुँदै आएको र यसका कारण प्राधिकरणमा भन्दा बढी फोन संघको कार्यालयमा आउन थालेको जानकारी दिदै अध्यक्ष सुवेदीले त्यही भएर पनि विद्युत अबरुद्ध हुनको कारणबारे जानकारी लिन आफूहरु प्राधिकरण पुगेको बताए ।

सो अवसरमा संघका




महासचिव राजेन्द्र ढकालले पैसा तिरेर पनि उपभोक्ताले विद्युत सुविधा सहज रुपमा पाउन नसक्नु प्राधिकरणको लापरवाही र गैरजिम्मेवारपना भएको बताए । 'जुन पिक आवर हुन्छ सोही समयमा बढी बत्ती जाने गरेको छ,' उनले भने, 'पानी पर्न थालेपछि त झन् बत्ती गैहाल्छ ।' घरिघरि विद्युत अबरुद्ध हुँदा यसमा इन्भर्टर वा सोलार उपकरणसँग सम्बन्धित गिरोहको हात त छैन भन्ने आशंका उपभोक्तामा उब्जिएको उनले बताए । बत्ती गएको बेला होटलको लिफ्टमा सेवा लिइरहेका पाहुना विचमै रोकिंदा आतंकित हुने गरेको र गुनासो गर्ने गरेको दुःखेसो पनि उनले सुनाए । संघकी सचिव पार्वता पाण्डेले राइस कुकरमा खाना बसालेको केही मिनटमा नै बत्ती जाँदा पुनः अर्को भाँडामा चामल खन्याएर ग्याँसमा खाना पकाउनु पर्ने समस्या उपभोक्ताले भोग्नुपरेको बताइन् । छलफलका क्रममा संघका निवर्तमान अध्यक्ष विकल तुलाचन, प्रथम उपाध्यक्ष दीपक श्रेष्ठ, कोषाध्यक्ष नेत्रप्रसाद पौडेल (रमेश), सदस्यहरु पम्फा देवकोटा पहारी, महदत्त भुसाल, सरोज अधिकारी र संघका कार्यालय प्रमुख रामप्रसाद खनालले पनि विद्युत अबरुद्ध हुँदा होटल क्षेत्रले ठूलो क्षति भोग्दै आउनु परेको गुनासो राखेका थिए ।

विद्युत बढी उत्पादन हुने बर्खा याममा लोडसेडिङ जसरी विद्युत जान थालेपछि विद्युत सहज उपोभोगका लागि आउने हिउँद कुर्नुपर्ने अवस्था आएको व्यवसायीले बताए । संघका पदाधिकारीको जिज्ञासा र गुनासोपछि बोल्दै प्राधिकरणको प्रादेशिक कार्यालयका प्रमुख जगदीशचन्द्र जोशीले खपत भन्दा धेरै विद्युत उत्पादन भएका कारण अहिलेको समस्या उत्पन्न भएको बताए। उत्पादन धेरै तर खपत कम हुँदा ट्रिप भएर विद्युत अवरुद्ध हुने गरेको दाबी उनले पेश गरे। विद्युत सर्किटको आन्तरिक सेन्सर बढी तात्ने र थप तात्न नदिन ब्रेकरले विद्युत अबरुद्ध गरिदिने प्रक्रियालाई ट्रिपिङ भनिन्छ । 'तपाईंहरु अब सकेकसम्म धेरै भन्दा धेरै विद्युत खपत बढाउनुस्, यो समस्या आफैं समाधान भएर जान्छ', जोशीले होटलकर्मीहरुसँग भनेका थिए । प्रदेशका ११ जिल्ला उक्त प्रादेशिक कार्यालय मातहत रहेको बताउँदै उनले गण्डकी प्रदेशमा अहिले सात सय मेगावाट विद्युत उत्पादन हुँदै आएको तर खपत भने जम्मा ८० मेगावाट हाराहारी मात्र रहेको जानकारी दिए । पोखरामा मात्र यस्तो खपत ४० मेगावाट रहेको तथ्यांक पनि उनले सुनाए ।

विद्युत ट्रिपिङको समस्या देशभरिकै समस्या भएको बताउँदै उनले यही समस्या भएर केन्द्रिय र प्रदेशिक तहहरुमा छानविन समिति बनेर काम पनि भइरहेको जानकारी गराए । समस्या समाधानका लागि प्राधिकरणका विभिन्न ग्रिडहरुसँग पनि समन्वय भइरहेको उनले सुनाए । विजुलीका ट्रान्सफरमर नपुगेर पनि अहिलेको समस्या नआएको बताउँदै उनले ट्रान्सफरमर राख्ने भन्दा पनि मेरो जग्गाबाट त्यसलाई हटाइदिनपर् यो भन्ने ब्यहोराका निवेदन बढी संख्यामा प्राधिकरणलाई प्राप्त हुने गरेको तथ्य उनले बताए । कार्यालय अन्तर्गत २०७८/०७९ सम्ममा चार लाख १८ हजार आठ सय ५१ विद्युत उपभोक्ता रहेको तथ्याङ्क प्राधिकरणको वेबसाइटमा छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# चितवनमा रास्वपाद्वारा 'ब्लुबस' सञ्चालन

**रासस**
काठमाडौं, १७ साउन

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं सङ्घीय सांसद रवि लामिछानेले महिलाका लागि चितवनमा बुधबारदेखि निःशुल्क 'ब्लुबस' सञ्चालनमा ल्याएको जानकारी दिनुभएको छ।

सांसदमा निर्वाचित भएको एक सय दिन पूरा भएको सन्दर्भमा आज उहाँले ब्लु बस सञ्चालनले जिल्लावासी महिलालाई सहज हुने विश्वास व्यक्त गर्नुभयो। "मलाई थाहा छ बस सञ्चालन सङ्घीय सांसदको काम हुँदै होइन, क्षेत्राधिकार पनि होइन", उहाँले भन्नुभयो,"तर जनप्रतिनिधि र नीति-निर्माताले सार्वजनिक यातायात कस्तो हुनुपर्दछ भन्ने सपना देख्नुपर्छ। अझ सार्वजनिक सवारीमा महिलाहरूको सुरक्षा र प्राथमिकता कस्तो हुनुपर्दछ भन्ने




देख्नुपर्छ र देखाउनुपर्छ।"

सभापति लामिछानेले आजबाट एउटा बसबाट सुरुआत गरेर भविष्यमा माग र उपयोगअनुसार स्थानीय सरकारसँग समन्वय गरी बस सङ्ख्या थप्ने बताउनुभयो। उहाँका अनुसार पाँच सय महिलालाई निःशुल्क यातायात कार्ड उपलब्ध हुनेछ। वैदेशिक रोजगारका क्रममा विदेशिएका नेपालीका लागि स्वदेश फर्काउन एक सय दिनको रोजगारीको विज्ञापन खोलेको उहाँले जानकारी दिनुभयो। यस्तै विदेशमा रहेका नेपालीलाई स्वदेश फर्काउने अभियानका क्रममा आफ्नो सचिवालयका लागि एक जना प्रमुख कार्यकारी अधिकृतमा एक जनाको नियुक्ति गरेको बताउनुभयो। आजैबाट ६५ वर्षमाथिका वृद्धवृद्धालाई 'मोबाइल क्लिनिक'को उपचार सेवा उपलब्ध गराउने र गम्भीर बिरामीलाई अस्पतालसम्म सहजीकरण गरिदिने उहाँको भनाइ छ।

चितवन जिल्लामा हरेक चार महिनामा सार्वजनिक सुनुवाइ गर्ने जनाउँदै आगामी भदौ १० गते सार्वजनिक सुनुवाइ गर्ने उहाँले घोषणा गर्नुभयो।

यस्तै सार्वजनिक शिक्षा सुधारका लागि उहाँले कक्षा ११ र १२ का लागि नमूना कक्षा सञ्चालन गरेको जनाउँदै बाँकी विद्यालयहरू सुधारोन्मुख बनाउन लागिपरेको बताउनुभयो। 'स्वस्थ्य चितवन' अभियान सञ्चालन गर्ने जानकारी दिँदै निर्वाचन क्षेत्र नं २ का नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराउनेसमेत जानकारी दिनुभयो।

# पोखरा २० मा सार्वजनिक सुनुवाई कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखरा महानगरपालिका वडा नं. २० को सार्वजनिक सुनुवाई कार्यक्रम बुधबार सम्पन्न भएको छ।

वडा नं. २० स्थित आ.व.२०७९।८० मा भए गरेका विकास निर्माण सम्बन्धी योजना कार्यक्रमहरु प्रस्तुत गरिएको थियो। २०७९/८० मा वडा स्तरीय योजनाका लागि कुल बजेट रु.१ करोड ९५ लाख जसमध्ये ९५ लाख लाख कार्यालय संचालन तथा प्रशासनिक खर्च तथा जनप्रतिनिधि पोशाक ५१ हजार चालु तर्फनै आएकोले चालु प्रशासनिक खर्च १५ लाख ५१ हजार हुन आएको छ।

बाँकी १ करोड ८० लाख विकास निर्माण तर्फ वडास्तरीय योजना तथा कार्यक्रमहरु २८ वटा संचालन भएको उक्त अवसरमा



जानकारी गराइयो। वडा नं. २० को पुँजीगत र प्रशासनिक गरी कुल १ करोड ८० लाख मध्ये वार्षिक प्रगति ८०.८६ प्रतिशत भएको थियो। जसमध्ये पुँजीगत तर्फ जम्मा रकम रु.१ करोड ५७ लाख २३ हजार खर्च भई ३६ लाख ४९ हजार रकम फ्रिज भएको उक्त अवसरमा जानकारी गराइएको थियो।

वडा अध्यक्ष गंगा बहादुर खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत वडा सदस्य मिना पौडेल, संचालन पत्रकार अमृत सुवेदीले गर्नुभएको थियो।

उक्त कार्यक्रममा सहजीकरण वार्दली मिडिया प्रा.लि.द्वारा संचालित पब्लिक फोर के टेलिभिजनले गरेको थियो।

सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय लगायत राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न संघसंस्था, आमा समूह, क्लव तथा बुद्धिजीवीहरुको उपस्थिति रहेको थियो भने स्थानीयहरुले राखेका प्रश्नहरुको जवाफ वडाअध्यक्षले दिनुभएको थियो।

# शुक्ला साहित्य प्रतिष्ठानले भजन चुड्का गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखराको वाटुलेचौरमा रहेको शुक्ला साहित्य प्रतिष्ठानले श्रीकृष्ण जन्माष्टमीको अवसरमा खुल्ला कृष्ण भजन चुड्का प्रतियोगिता गर्ने भएको छ।

विगत २४ वर्षदेखि निरन्तर रुपमा गर्दै आएको प्रतियोगिता गत ३ वर्ष कोभिड महामारीका कारण रोकिएकोमा यस वर्षदेखि पुन संचालन गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष हरि वरुवालले जानकारी दिनुभयो। आगामी भाद्र २० गते स्थानिय वाटुलेचौर मैदानमा आयोजना गरिने प्रतियोगितालाई व्यवस्थित रुपमा सम्पन्न गर्न प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष दुर्गादेवी वस्नेतको संयोजकत्वमा मुल



आयोजक समिति, अध्यक्ष हरि वहादुर वरुवालको अध्यक्षतामा कार्य सम्पादन समिति र विभिन्न १० वटा उपसमिति गठन गरिएको छ। आथिर्क उपसमिति संयोजकमा कुल व. खत्री, कार्यालय व्यवस्थापनमा दिपेन्द्र वाँनिया, अनुगमनमा ईन्दु भट्टराई, मञ्च व्यवस्थापन तथा सजावटमा मोहन कुमार सुनार, स्वयंसेवक परिचालनमा संजय वस्नेत, अतिथि स्वागत तथा सत्कारमा गीता भट्टराइ भण्डारी , प्रचार प्रसारमा संजय थापा, प्राथामिक उपचारमा दुर्गा केसी थापा, खाजा व्यवस्थापनमा रुपा केसी र भजन टोली समन्वय उपसमितिमा हरि वहादुर वरुवाललाई संयोजक तोकिएको प्रतिष्ठानले जनाएको छ। गठित मुल समिति र विभिन्न उपसमितिले कार्यक्रमलाई व्यवस्थित गर्न आन्तरिक तयारी शुरु गरेको सचिव दिपेन्द्र वाँनियाले वताउनुभयो। भगवान श्रीकृष्णको महिमा र लोप हुने अवस्थामा पुगेको भजन संस्कृतिलाई वचाई राख्ने उद्देश्यले प्रतियोगितालाई निरन्तरता दिईएको संयोजक दुर्गा वस्नेतले वताउनुभयो। प्रतियोगिता सम्पन्न गर्न करिव १३ लाख २५ हजार रुपैयाँ खर्च लाग्ने वताईएको छ। सो रकमका लागी विभिन्न संघ संस्थासँग समन्वय गरिएको र आर्थिक संकलन कार्यलाई तिव्रता दिईएको आथिर्क उपसमिति संयोजकमा कुल व. खत्रीले जानकारी दिनुभयो। वि.सं २०४५ सालमा स्थापना भएको प्रतिष्ठानले पोखरामा साहित्य, कला र संस्कृतिका क्षेत्रमा काम गर्दै आईरहेको छ।

# भरुवा बन्दुकले हानेर श्रीमतीको हत्या

**पोखरापत्र संवाददाता**
दमौली, १७ साउन

तनहुँको व्यास नगरपालिकामा भरुवा बन्दुकले हानेर एकजनाले श्रीमतीको हत्या गरेका छन्।

व्यास-५ मानुङ्का ५६ वर्षीय श्रीप्रसाद आलेले ४७ वर्षीया गीता आलेको हत्या गरेका हुन्। गए राति ११ बजे श्रीप्रसादले गीतालाई भरुवा बन्दुकले हानेर घाइते बनाएको र उनको दमौली अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो। श्रीप्रसादलाई प्रहरीले गए राति नै नियन्त्रणमा लिएको छ। घरायसी विवादका कारण उक्त घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। घटनाबारे प्रहरीले अनुसन्धान थालेको छ।

# बलियो राष्ट्रिय शक्ति निर्माण आवश्यक : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १७ साउन

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकलाई अहिले बलियो राष्ट्रिय शक्ति निर्माण आवश्यक रहेको बताउनुभएको छ। ललितपुर, च्यासलस्थित तुल्सीलाल अमात्यको २६औँ स्मृति दिवसको अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले राजनीतिक दल, मुलुकलाई माया गर्ने परिवर्तनकारी शक्तिलाई बलियो राष्ट्रिय शक्ति निर्माण गर्न आह्वानसमेत गर्नुभयो।

"म सबै पार्टीका साथीलाई आग्रह गर्न चाहन्छु। देशलाई माया गर्ने शक्ति एक ठाउँमा आउँदा राम्रो हुन्छ", उहाँले भन्नुभयो, "हामी साँच्चै परिवर्तनकारी हौँ भने सानातिना कुरा छाड्नुपर्दछ। एकताबद्ध भएर परिवर्तनका लागि अगाडि बढ्नुपर्दछ। राष्ट्रिय शक्ति त्यसका लागि निर्माण गर्नुपर्दछ।"

उहाँले व्यक्तिगत 'इगो'का कुरा छाडेर राष्ट्रिय शक्ति निर्माण गर्नुपर्ने भनाइ राख्नुभयो। "बलियो, सुदृढ, व्यापक राष्ट्रिय शक्ति निर्माण गरौँ। जसले देशको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रियहितको रक्षा र सम्वर्द्धन गर्न सक्दछ। आफ्नो स्वतन्त्र नीतिका साथ अगाडि बढ्न सक्दछ। स्वतन्त्र ढङ्गले आफ्ना राष्ट्रिय आवश्यकता प्राथमिकता तोक्न र देशको विकास स्वतन्त्र ढङ्गले गर्न सक्दछ। त्यस्तो शक्ति आवश्यक रहेको छ", उहाँले भन्नुभयो। एउटा सानो स्वार्थ पूरा गर्न, एउटा अवसरका लागि काम गर्ने कि राष्ट्रिय हितका काम गर्ने भन्ने प्रश्न उठेको भन्दै योजनाबद्ध ढङ्गले विकास निर्माणका काम अगाडि बढाउन सक्ने, शान्ति सुव्यवस्था काम गर्नसक्ने शक्तिको आवश्यक रहेको अध्यक्ष ओलीको भनाइ थियो। उहाँले राष्ट्रिय शक्ति निर्माणका लागि सबै गोलबन्द हुन आवश्यक रहेकोसमेत बताउनुभयो। "विभिन्न पार्टीमा रहेका देशलाई माया गर्ने लोकतन्त्रलाई माया गर्ने कार्यकर्तालाई म आग्रह गर्नु चाहन्छु। आउनुहोस् गोलबन्द हौँ। राष्ट्रिय शक्ति निर्माण गरौँ। देशको रक्षा गरी अगाडि बढौँ", उहाँले भन्नुभयो। पूर्वप्रधानमन्त्रीसमेत रहनुभएको नेता ओलीले तुल्सीलाल अमात्यबाट देश बनाउने कुरा सिक्नुपर्ने भनाइ राख्नुभयो। उहाँले तुल्सीलालले गरेको बाँकी कामलाई सफलतापूर्वक अगाडि बढाउन र सफलताको विन्दुमा पुर्‍याउने सङ्कल्प हिँडेकाले एकजुट हुन आवश्यक रहेको बताउनुभयो। अध्यक्ष ओलीले सुन तस्करका सम्बन्धमा सरकारले छानबिन समिति बनाउनुपर्ने बताउनुभयो।

## संघीयता...

व्याख्या गरी संविधानको मर्म विपरीत काम गरेको समेत आरोप लगाउनुभयो।

संघीयताले राष्ट्रिय सुरक्षामा समेत कमजोर बनाएकाले संघीयताका बारेमा पुनर ब्याख्या गर्न जरुरी भएको उहाँले दोहोर्‍याउनु भयो। देश बचाउने कुरामा पार्टीहरु संविधान संशोधन गरेर भएपनि एक हुनै पर्छ, उहाँले भन्नुभयो- राष्ट्रिय स्वाधीनता प्रति दलहरु विचलित हुनु हुदैन्। नेता भण्डारीले संविधानमा राखिएको धर्म निरिपेक्षता सम्बन्धी प्रावधान हटाउन जरुरी रहेको उल्लेख गर्दै वैदिक सनातन हिन्दू धर्म राष्ट्र घोषणा हुनुपर्ने भनाई राख्नुभयो।

धर्म निरिपेक्ष घोषणा गरी राष्ट्र कमजोर बनाउने राजनितिक रुपमै डिजाइन भएको भन्दै धर्म निरपेक्षता घोषण गर्न नेताहरु विदेशीको दवावमा परेको पनि उहाँको आरोप थियो। नेपाललाई बलियो बनाउन सबै राजनीतिक दलका नेताको साझा प्रयास आवश्यक हुने भनाई उहाँको छ। देश रहेमा मात्र पार्टी र सरकार रहन्छ भन्दै राष्ट्रियताको सवालमा गम्भीर रहन सबैलाई आग्रह गर्नुभयो।

पूर्वमन्त्री समेत रहनुभएका नेता भण्डारीले देशको अर्थतन्त्र नाजुक अवस्थामा रहेको हुँदा कर्मचारीलाई तलब खुवाउन सरकारले ब्याजमा पैसा खोज्नु परेको यथार्थ प्रस्तुत गर्नुभयो। उहाँले ठेकेदारहरुलाई ८० अर्ब रुपैयाँ दिन बाँकी रहनु मुलुकको लागि राम्रो संकेत नभएको समेत बताउनुभयो। यसका लागि सबै राजनीतिक दलहरु एकै ठाउँमा उभिएर देशको अर्थतन्त्र सुधार गर्नुपर्ने बताउनुभयो।


भ्रष्टाचारको बारेमा बोल्दै नेता भण्डारीले राजनीतिक संकटका बेला दलहरुकै नेताबाट अपराधिक क्रियाकलाप र भ्रष्टाचारका घटना बाहिर आउँदा जनतामा झनैवढि राजनीतिक नैरास्यता छाएको बताउनुभयो। देश बनाउने कुरामा पार्टीहरु संविधान संशोधन गरेर भएपनि एक हुनु पर्ने भनाई राख्दै अब राजनीतिक दलहरु नयाँ ढंगबाट अगाडि वढ्नुको विकल्प नरहेको समेत उहाँको भनाई थियो।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# थप सुन्दर बनाइँदै पर्यटकीय गन्तव्य महेन्द्र गुफा

– जमुना वर्षा शर्मा
पोखरा, १७ साउन (रासस)

पोखराको पर्यटकीय गन्तव्यका रूपमा रहेको महेन्द्र गुफालाई थप व्यवस्थित र सुन्दर बनाउन तयार गरिएको गुरुयोजनाअन्तर्गत यहाँको कार्य अगाडि बढेको छ।

धार्मिक, ऐतिहासिक एवं प्राकृतिक महत्वको उक्त गुफाको सौन्दर्यकरण एवं संरचना निर्माणका लागि प्रदेश सरकारमार्फत विनियोजित रु १० करोडबाट भौतिक संरचनाको काम अघि बढाइएको महेन्द्र गुफा चमेरे गुफा पर्यटन विकास समितिका सदस्य सचिव शिशिर पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार पोखरा महानगरपालिका वडा नं १६ बाटुलेचौरमा रहेको महेन्द्र गुफा र चमेरे गुफा पोखराका प्रमुख पर्यटकीय गन्तव्यको सूचीमा पर्छन्। बहत्तर वर्ष लामो इतिहास बोकेको यस गुफामा पर्यटकलाई थप आकर्षित गर्न तयार गरिएको गुरुयोजनाअन्तर्गत गन्धर्व सङ्ग्रहालय, ढुङ्गे धारा, म्युजियम, स्कल्प्चर, अडिटोरियम हल, बगैँचा, गजेवो, एम्पीथियटर, वाटर फाउन्टेन, पारागोलालगायतका संरचना निर्माणकार्य भइरहेका छन्। विसं २०१६ मा तत्कालीन राजा महेन्द्र बाटुलेचौर आउँदा त्यहाँका स्थानीयले गुफाको अवलोकन गर्न लगेका र तत् पश्चात गुफाको नाम महेन्द्र गुफा रहन गएको थियो। त्यसअघि यसको नाम अँधेरी भुवन भनेर चिनिन्थ्यो। महेन्द्र गुफाबाट पाँच सय मिटरको दूरीमा चमेरे गुफा पर्छ। गुफाभित्र पसेपछि चट्टानभरि झुन्डिएका चमेराका लोभलाग्दा दृश्य देख्न सकिन्छ। यस गुफामा चमेराहरू भएकाले यसको नाम चमेरे गुफा रहन गएको मानिन्छ। दुई सय मिटर लामो रहेको चमेरे गुफामा 'एडभेन्चर क्लाइमिङ' गरेर पनि बाहिर निस्कन सकिने र विश्वका दुर्लभ पाँच प्रजातिका चमेरा पनि पाइने भएकाले यसको थप महत्व रहेको पौडेलको भनाइ छ।

गुफा हेर्नका लागि विद्यार्थीलाई रु तीस र अन्य आन्तरिक पर्यटकलाई रु ५० शुल्क राखिएको छ। भारत र सार्क मुलुकका पर्यटकका लागि रु ८० र अन्य विदेशी पर्यटकका लागि रु एक सय ५० शुल्क तोकिएको छ। आर्थिक वर्ष २०७९/८० मा यस गुफाबाट करिब रु एक करोड ७० लाख आम्दानी भएको पौडेलले जानकारी दिनुभयो। पछिल्लो समय गुफा हेर्न जाने भारतीय पर्यटकको सङ्ख्या उल्लेख्य रहेको छ। महेन्द्र गुफाको लम्बाइ एक सय २५ मिटर छ। विसं १९९० को भूकम्पअघि गुफाभित्रबाट कालिखोलासम्म निस्केको अनुभव अग्रजहरूले सुनाउने गरेको महेन्द्र गुफाका पुजारी श्रीराम अधिकारी बताउनुहुन्छ। गुफामा हिन्दू धर्मसंस्कारसँग जोडिएका विभिन्न भगवान्का मूर्ति एवं आकृति देख्न सकिन्छ। गुफाको अन्तिम विन्दुमा जलविनायकको आकृति र त्योसँगै जलकुण्ड छ। जलकुण्ड कहाँबाट कसरी निर्माण भयो भन्ने विषय रहस्यमय रहेको पुजारी बताउनुहुन्छ। गुफाको संरक्षक संस्थाको रूपमा विन्ध्यवासिनी मावि रहेको छ। यो सामुदायिक विद्यालय नमूना विद्यालय हो। चमेरे गुफा विन्ध्यवासिनीकै स्वामित्वमा रहेको छ। उक्त विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले महेन्द्रगुफा चमेरे गुफालाई उत्कृष्ट गन्तव्य बनाउन करिब रु २४ करोडको गुरुयोजना तयार गरेको जानकारी दिनुभयो। "हामीले बृहत् योजना तयार गरेर प्रदेश सरकारसमक्ष बुझाएका छौँ। पहिलो चरणमा रु १० करोड विनियोजित भएर केही काम हुँदैछ। आगामी दिनमा थप सौन्दर्यकरणका लागि हाम्रो पहल निरन्तर हुनेछ।" गुफाबाट प्राप्त आम्दानीले त्यस क्षेत्रको मात्र नभई आसपासको भौतिक तथा पर्यटकीय विकासका लागि पनि आफूहरूले सहयोग गरेको उहाँको भनाइ छ। परियोजना सम्पन्न भएपश्चात वडा नं १६ स्थित महेन्द्र गुफा र चमेरे गुफा पोखराका उत्कृष्ट गन्तव्यको रूपमा विकास गर्नका लागि थप प्रचार-प्रसार गरिने वडाध्यक्ष अमृत शर्मा तिमिल्सनाले जानकारी दिनुभयो। "वडा नं १६ मा क्रेजी गुफा, कुमारी गुफा, गौतमबुद्ध गुफा पनि रहेकाले गुफा कनेक्टिङ रोड बनाउने प्याकेजको कार्यक्रम तय गरिएको छ", तिमिल्सनाले भन्नुभयो। उहाँले कुमारी गुफाका लागि पर्यटन मन्त्रालयबाट रु २० लाख विनियोजन भएर केही पूर्वाधारका काम सम्पन्न भएको र आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको जानकारी दिनुभयो। गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट विनियोजित रकमबाट निर्माणकार्य अगाडि बढेको महेन्द्र चमेरे गुफा पर्यटकीय विकास समितिका संयोजक गुरुदत्त भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले ५५ प्रतिशत कार्य सम्पन्न भएको छ।

निर्माणकार्यको जिम्मा पाएको कम्पनीका आयोजना प्रमुख राकेश श्रेष्ठ गत असोज १ देखि आगामी भदौ १९ गते सम्पन्न गर्ने सम्झौता भए पनि सुरुआतमा केही प्राविधिक समस्या उत्पन्न भएकाले समयमै निर्माणकार्य सम्पन्न गर्न नसकेको जानकारी दिनुभयो। महेन्द्रगुफा चमेरे गुफालगायतका गुफासँगै पोखरा-१७ मा रहेको गुप्तेश्वर गुफाले पनि पर्यटकलाई लोभ्याउने गरेको छ। योसँगै भलामममा पनि हरिहर सन्यासी गुफा रहेको छ। हरिहर सन्यासी गुफामा विशेषगरी बालाचतुर्थीका अवसरमा सतबिज छर्नका लागि भक्तजन जाने गर्दछन्।

# तटबन्धले फर्कायो खुसी

पोखरापत्र संवाददाता
मनाङ, १७ साउन

हिमाली जिल्ला मनाङमा ठूलो बाढीपहिरो आएको दुई वर्ष पूरा भयो। मानवीय क्षति नभए पनि धेरै संरचनामा क्षति पुग्यो। बाढीपहिराका कारण अहिले यहाँका कतिपय स्थानको संरचना नै फेरिएको छ।

कतिपय ठाउँका बासिन्दालाई स्थानान्तरण गर्ने योजना बनाइए पनि उपयुक्त स्थान तत्काल नपाइएपछि त्रिपालमुनि बसेर पनि स्थानीयवासीले समय कटाए। बाढीले गाउँको बस्ती नै अन्यत्र सर्नुपर्ने बाध्यता आयो। सबै तहबाट गाउँको बस्ती नै अन्यत्र स्थानान्तरण गर्ने प्रयास भएपनि स्थानीयवासी स्थानान्तरण हुन चाहेनन् र यही गाउँमा बस्नका लागि सुरक्षित वातावरयण बनाउन माग गरे। उनीहरूको माग पनि पूरा भयो। नासों गाउँपालिका-१ तालगाउँकी अञ्जु तामाङ बाढीका कारण आफन्तसँग यति रमाइलो गाउँ बस्ती नै छाडेर जानुपर्छ भनेर आत्तिएको बताउनुभयो। उहाँले भन्नुभयो, "करिब दुई वर्ष पूरा भएपछि हाम्रो खुसी फर्किएको छ, बाढीले बसाइँसराइ गर्न बाध्य होइन्छ कि भनेर आत्तिएका हामी अहिले खुसी छौँ।" बाढी आएको लामो समयपछि तटबन्ध बनाएर अहिले तालगाउँ सुरक्षित बनाइएको तामाङले बताउनुभयो। पदमार्ग हुँदै मनाङ प्रवेश गर्दा पर्यटक तालगाउँमा बास बस्न पुग्दछन्। होटल व्यवसाय गर्दै आउनुभएकी अञ्जुले यहाँ होटल व्यवसाय र खेतीपातीका लागि पनि उपयुक्त वातावरण भएको उल्लेख गर्नुभयो। "हाम्रो रहनसहन, संस्कार, संस्कृति र परम्परा मनाउँदै आएको ठाउँमै अहिले हामी सुरक्षितभएका छौँ", उहाँले भन्नुभयो, "विशेषगरी पालुङटार कुण्डुटार सिंचाई आयोजनाले तटबन्ध गरी यहाँको बस्तीलाई सुरक्षित बनाउन विशेष भूमिका निर्वाह गरेको छ।" अन्जुले भन्नुभयो, "गाउँमा नदीको बहाव पस्न सक्ने जतिकै पर्खाल लगाइएको छ, अहिले हामी ढुक्कसँग सुत्छौँ, पहिलेको जस्तो चिन्ता लाग्दैन।" तटबन्धले सुरक्षित भएसँगै यहाँको संरचना निर्माणमा स्थानीयवासी लागिपरेका छन्। यहाँ धमाधम नयाँ संरचना निर्माणले गाउँ सुरक्षित भएको अनुभूति गर्न सकिन्छ। मर्स्याङ्दी नदीमा बाढी आए जत्तिकै तटबन्ध लगाई अहिले बस्ती सुरक्षित गरिएको छ। यस बस्तीलाई सुरक्षित बनाउन तात्कालीन प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्य र पालुङटार कुण्डुटार सिञ्चाइ आयोजनाका प्रमुख दीपेन्द्रप्रसाद आचार्यको भूमिका महत्वपूर्ण रहेको स्थानीयवासीले बताए।

छिटो बस्तीलाई सुरक्षित बनाउने उद्देश्यले उक्त आयोजना र तात्कालीन प्रजिअले उपभोक्ता समितिमार्फत काम गर्नुभएको स्थानीयवासी आन्द्रे गुरुङको भनाइ थियो। "बस्तीको सुरक्षाका लागि लामो प्रक्रियालाई संस्थाले छोट्याएर काम अगाडि बढाएको छ। उपभोक्ता समितिमार्फत काम गर्दा आफ्नो गाउँलाई सुरक्षित बनाउन छिटै नै काम सम्पन्न भएको छ। उपभोक्ता समितिमार्फत काम नगरेको भए अझै ढिला हुन्थ्यो, यो वर्खामा पनि डराएरै सुत्नुपर्ने अवस्था हुन्थ्यो, अहिले काम छिटो हुँदा आरामले सुत्न पाएका छौँ", उहाँले भन्नुभयो। पालुङटार कुण्डुटार सिँचाइ आयोजनाका प्रमुख दीपेन्द्रप्रसाद आचार्यले तालगाउँको बस्तीलाई जोखिमको समयमा कसरी हुन्छ छिटो सुरक्षित बनाउने कार्यमा आफ्नो ध्यान केन्द्रित भएको बताउनुभयो। "लामो प्रक्रियाबाट काम गर्दा जोखिममा आत्तिएका तालगाउँबासीको सुरक्षामा हामीले ध्यान दिनुपर्ने हुन्थ्यो, बोलपत्रको प्रक्रियाबाट काम गर्दा अहिलेसम्म पनि आधा काम गर्न सकिने अवस्थामा हुँदैन थियो, यसवर्षको बर्खामा पनि त्रयत्रयमा रहनुपर्ने हुन्थ्यो, उनीहरूकै जिम्मा दिएर छिटो काम गरेका हौँ," उहाँले भन्नुभयो।

त्यहाँको तटबन्ध निर्माणका लागि आर्थिक वर्षको अन्त्यतिर बजेट बिनियोजन भएको र बोलपत्र प्रक्रियाबाट जाँदा लामो समय लाग्ने हुँदा बजेट फ्रिज हुने अवस्थामा यस्तो निर्णय गरिएको प्रमुख आचार्यले स्पष्ट पार्नुभयो। "तटबन्ध निर्माणका लागि बोलपत्र प्रक्रियाबाट अगाडि बढ्दा छ महिना लाग्छ, मनाङको मौसम अन्य जिल्लाको जस्तो बाह्रैमहिना अनुकूल हुँदैन, यसले गर्दा उपभोक्तामार्फत काम गराएका हौँ र छिटो काम भएको छ", उहाँले भन्नुभयो। बस्ती तटबन्धले सुरक्षित बनाइएपछि यहाँ पुराना संरचना पुनःनिर्माणका साथै नयाँ संरचना पनि निर्माण भइरहेको छ। बाढीले क्षति पुगेका घर, भवन र होटलको मर्मत सम्भारसँगै यहाँको व्यवसाय पनि अहिले तङ्ग्रिदै गएको छ। यसले गर्दा स्थानीयबासीमा खुसी छाएको छ।

# ढोरबाराहीमा पर्यटकको आकर्षण बढ्दै

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं ९ वाजस्थलामा अवस्थित ढोरबाराही मन्दिरमा प्रत्येक दिन त्यहाँको कुण्डमा बालबच्चालाई चुर्लुम्म डुबाएर निकालेको देखिन्छ।

बच्चालाई कुण्डमा डुबाउनुको रहस्य भने अचम्मको छ। लामो समयसम्म बच्चाको बोली नफुटेका अवस्थामा मन्दिरको दर्शन गराएर बच्चालाई त्यहाँको कुण्डमा डुबाएर निकालेपछि बोल्छन् भन्ने विश्वासका कारण पछिल्लो समयमा टाढा-टाढाबाट बालबच्चा लिएर अभिभावक मन्दिरमा पुग्ने गरेको मन्दिरका पुजारी चिरञ्जीवी लम्सालले जानकारी दिनुभयो।

"बच्चा नबोलेको भन्दै मन्दिरमा दैनिक न्यूनतम एक-दुई जनादेखि १२-१५ जनासम्म बच्चा लिएर आउने गरेका छन्", उहाँले भन्नुभयो, "मन्दिरको दर्शन गरी कुण्डमा डुबाएर लगेपछि यहाँ आउनेमध्ये अधिकांशको बोल्ने आउने गरेको पाइएको छ।"

बोली खुलाउनका लागि कैयौँ स्थानमा उपचार गरेर सम्भव नभएका पनि यहाँ आएर दर्शन गरेसँगै बोल्ने गरेको विश्वासका कारण मन्दिरप्रतिको आस्था अझै बढेको छ।बोली नखुलेर पूजा गरी गएका अभिभावकहरू बच्चा बोलेपछि पुनः दर्शनका लागि आउने गरेका कारण पनि विश्वास झन्-झन् बढ्दै गएको उल्लेख गर्दै उहाँले पछिल्ला समयमा सञ्चारमाध्यमबाट हुने गरेको प्रचार-प्रसारले पनि मन्दिरप्रतिको आस्था अझै जगाएको बताउनुभयो। चारैतर्फ वनजङ्गलले घेरिएको पहाडको बीचमा रहेको यस मन्दिर र परिसरमा नै रहेको रहस्यात्मक लहरी आउने पानीको कुण्ड यहाँको विशिष्टता हो। बराहलाई भगवान् विष्णुको तेस्रो अवतारका रूपमा लिने गरिएको छ। मन्दिर स्थापनाको यकिन तथ्य फेला नपरे पनि प्राचीनकालदेखि नै यसको अस्तित्व रहँदै आएको पाइएको छ। स्कन्दपुराणको हिमवत् खण्डमा ढोरबाराहीको महिमाबारे चर्चा गरिएका कारण पनि यसको महिमा र गरिमा चुलिएको छ।

मन्दिर जीर्णोद्धारका क्रममा फेला परेका घन्टमध्ये एउटामा नेवारी भाषामा नेपाल संवत् ९६७ लेखिएको पाइएको पुजारी लम्सालको भनाइ छ। त्यसअघिका अन्य प्रमाण भने फेला नपरेको उहाँले बताउनुभयो।

मन्दिरमा प्रत्येक नयाँ वर्षको दिन, बडादसैँ, चैतेदसैँको दुर्गा पक्ष, श्रीपञ्चमीका साथै अन्य तिथि र पर्वमा ठूलो सङ्ख्यामा भीड लाग्ने गरेको छ। मन्दिरमा बोका, राँगाको बलि दिइन्छ भने परेवा उडाउने प्रचलन छ। मन्दिरमा एकादशी, औँसी, सोह्रश्राद्ध, तीजको पञ्चमी तथा साउन महिनाभर भने बलि दिइँदैन। ती दिनमा अन्य नियमति पूजाआजा भने गरिन्छ। मन्दिरमा तनहुँसँगै देशका विभिन्न भागबाट दर्शनार्थी आउने गरेका छन्। बोली नखुलेका बच्चाको बोली आउने विश्वासका कारण पछिल्ला समयमा टाढा-टाढाबाट दर्शनार्थी आउने गरेको पुजारी लम्सालले बताउनुभयो। विदेशमा विभिन्न सेवा पेसाका क्रममा गएका व्यक्तिहरू पनि बच्चाको बोली नखुलेपछि नेपालमा फर्केर ढोरबाराहीको दर्शन गर्ने गरेका छन्। मन्दिर परिसरमा रहेको कुण्डमा रहस्यात्मक लहरी(पानी घटबढ हुने) छुट्नु यहाँको अर्को विशिष्टता हो। परिसरमा लगभग १५ फिट फराकिलो पोखरी र पोखरीको बीचमा दुईवटा शिला छन्। सामान्यतः पन्ध्र मिनेटदेखि आधा घन्टाको अन्तरालमा छुट्ने लहरीलाई धार्मिक आस्था विश्वाससँग जोडेर हेरिन्छ। लहरी चलेर एकैक्षणमा भरिने पानीको कुण्ड क्षणभरमा नै सुक्ने गर्दछ। लहरी चलेका बेलामा गरिने पूजाआजालाई अझै महत्वका साथ हेर्ने गरिएको छ। नबोल्ने बच्चालाई मन्दिरमा दर्शन गराए लहरी चलेका बेलामा कुण्डमा डुबाएर निकाल्ने प्रचलन छ। ढोरबाराही माता प्रशन्न हुँदा लहरी छुट्ने धार्मिक कथन एवं यहाँ छुट्ने लहरीलाई महत्वपूर्ण दैवीशक्तिका रूपमा लिइने गरिएको छ।लहरी छुट्ने मुख्यद्वारमा बस्ने रजबामलाई साक्षत् बराह भगवान्का रूपमा लिने गरिन्छ। लहरीका क्रममा मात्रै देखिने रजवामको दर्शनलाई भक्तजनले शौभाग्यका रूपमा लिने गरेका छन्। हिउँदयाममा केही समय लहरी नछुट्ने र त्यस समयमा ढोरबाराही माता माइत जाने भएकाले लहरी नछुट्ने किंवदन्ती पनि चल्दै आएको छ। ढोरबराहप्रतिको आस्था र विश्वास बढ्दै गएका अवस्थामा स्थानीय युवाहरू पनि यहाँको संरक्षण र विकासमा लागिपरेका छन्। ढोरबराह क्षेत्रको संरक्षण र विकास गर्दै यसलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सम्बद्ध क्षेत्रमा निरन्तर खबरदारी गर्दै आइएको फिर्दी युनाइटेड क्लबका सचिव मनोज बानियाँले बताउनुभयो।

ढोरबराह मन्दिरप्रतिको धार्मिक पर्यटकीय आकर्षण दिनप्रतिदिन बढ्दै गएको ढोरबाराही मन्दिर व्यवस्थापन समितिका अध्यक्ष एवं शुक्लागण्डकी नगरपालिका वडा नं ९ का वडाध्यक्ष बाबुराम पुलामीले बताउनुभयो।

"बोली नखुलेकाको मन्दिरको दर्शन गरेपछि बोल्न थालेका प्रत्यक्ष प्रमाणहरू हाम्रा वरपर नै छन्", उहाँले भन्नुभयो, "पछिल्लो समयमा प्रचार-प्रसारले देशका टाढा-टाढाका साथै विदेश गएका व्यक्तिहरू पनि बोली आउने विश्वाका कारण मन्दिरमा दर्शन गर्न आउँछन्।"


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, गण्डकी प्रदेश, नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सुचना प्रकाशित मिति २०८०/०४/१८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (२) र सोही दफाको उपदफा (२) घ (११) तथा प्रदेश सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् सङ्कलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ अनुसार यस गाउँपालिकाबाट आ.व. २०८०/८१ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको न्यूनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ। मिति २०८०/०४/३२ गतेको कार्यालय समय भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिई तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन्। मिति २०८०/०५/०१ गतेको मध्यान्ह १२ :०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सङ्लग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन्। यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको Website: www.phedikholamun.gov.np हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समय भित्र राजश्व उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | सूचना नं. ०१/०८०/८१/पी.आर.एम.को ठेक्का नं. | कार्यको नाम | आ.ब.२०८०/८१ को लागी न्युनतम अंक रु. (मु.अ.क.सहित) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत संभार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) उठाउने कार्य : | | | | | | |
| १ | PRM-RT-SQ-01-080-81 | कुभिण्डे मट्टिखान नुवाकोट पौवैगौंडे सडक | १,४०,०००/- | १०००/- | दरभाउपत्रदाताले दरभाउपत्रसाथ आँफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी वापत राख्नुपर्नेछ। | |
| २ | PRM-RT-SQ-02-080-81 | खड्केटारी वाँगे पञ्चासे दोबिल्ला सडक | ४,००,०००/- | १०००/- | | |
| ३ | PRM-RT-SQ-03-080-81 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडक | २५,०००/- | १०००/- | | |
| ४ | PRM-RT-SQ-04-080-81 | कुभिण्डे डाँडागाउँ नुवाकोट सडक | २०,०००/- | १०००/- | | |
| ५ | PRM-RT-SQ-05-080-81 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडक | २०,०००/- | १०००/- | | |
| ६ | PRM-RT-SQ-06-080-81 | पर्सेभाटी टोड्के सडक | २०,०००/- | १०००/- | | |
| ७ | PRM-RT-SQ-07-080-81 | सर्केटारी गलेम पञ्चासे सडक | १,७१,०००/- | १०००/- | | |
| ८ | PRM-RT-SQ-08-080-81 | कुखुरेखोला चनौटे भाटखोला र फेदीखोला स्थानचौर चनौटे पुलको मुख सडक समेत | ३४,०००/- | १०००/- | | |
| ९ | PRM-RT-SQ-09-080-81 | फेदीखोला कर्मीडाँडा मट्टिखान सडक | २०,०००/- | १०००/- | | |